# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६) झापा, कार्तिक १५ गते, २०७९ साल (संख्या २**

**भाग २**

# शिवसताक्षी नरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७९-०७-०२
प्रमाणिकरण मितिः २०७९-०७-१५

**शिवसताक्षी नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९**

१. प्रस्तावनाः- लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न दिर्घ रोगी , हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरीकको लागि न्यूनतम सहयोग गर्न बाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को अनुसुची-८ र स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ को उपदफा २(झ,त,न) ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(१) यस कार्यविधिको नाम " शिवसताक्षी नगरपालिका "आर्थिक सहायता सम्बन्धी कार्यविधि , २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ । यस अघि नगर कार्यपालिकाको कार्यालयबाट गरीएको सहयोग यसै बमोजिम भएको मानिनेछ ।

२. परिभाषाः- विषय प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले शिवसताक्षी नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले

(१) नेपाल सरकारले जारी गरेको विपन्न प्रमाणपत्र भएको, मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरीरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु,

(२) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु,

(३) जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको,

(४) ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित,

(५) दूर्घटनामा परेको विपन्न, प्राकृतिक प्रकोपमा परेको, जंगली वन्यजन्तुको आक्रमणबाट जनधनको क्षति, आगलागिको कारणले घर/खाद्धान्न/लत्ताकपडा क्षति वा घाइते/मृत्यु, बाढीको कारणले जनधन/बालीको क्षती साथै विस्थापित/मृत्यु, चट्याङको कारणले जनधनको क्षति/मृत्यु,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको,

(७) यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको,

(८) अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा,

(९) विपन्न, दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परको विपन्न ज्येष्ठ नागरीकको हित र अति विपन्न नागरीकहरुको लागि मृत्यु संस्कार,

(घ) “नगर प्रमुख” भन्नाले शिवसताक्षी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “न्यायिक समिति” भन्नाले शिवसताक्षी नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(च) “उप प्रमुख” भन्नाले शिवसताक्षी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) “वडा अध्यक्ष ” भन्नाले शिवसताक्षी नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) “कोष” भन्नाले शिवसताक्षी नगरपालिकाको विपत व्यवस्थापन कोष सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले नियम १२ बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २
## विपन्न सहायता सम्बन्धि मापदण्ड

३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः-

(१) विपन्न सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क लगाएतका जटिल प्रकृतिका रोग), , एच.आई.भि. एड्स तथा क्यान्सर पीडित व्यक्तिले यस अघि कुनै सरकारी , गैर सरकारी संघ संस्थाबाट सहयोग प्राप्त नगरेको व्यहोरा खुलाई विपन्न सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण “आवश्यक कागजात” भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) नियम ३(१) बमोजिम प्राप्त निवेदन माथि सम्बन्धित वडा समितिले आवश्यक छलफल गरी निवेदकको व्यहोरा यथार्थ परक एवं वस्तुनिष्ठ देखिएमा नेपाल सरकार , प्रदेश सरकार वा अन्य संघ संस्थाबाट सहयोग नपाएको वा अति न्यून पाएकालाई आर्थिक सहायता दिन तथा विरामीको अवस्था हेरी सम्बन्धित निकायबाट निःशुल्क उपचार गर्नको लागि समेत नगर प्रमुख समक्ष सिफारिस गर्न सकिनेछ ।

(३) दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क लगाएतका जटिल प्रकृतिका रोग), , एच.आई.भि. एड्स तथा क्यान्सर पीडित व्यक्तिले विपन्न सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित उपचार सहायताको लागी त्यस्ता व्यक्तिलाई एकपटकको लागी नगर प्रमुखले अधिकतम रु. १००००.०० (दश हजार) रुपैंया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ र सोभन्दा माथीको हकमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः-

(१) घरेलु हिंसा , यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कार्वाहीको क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक समितिले पीडितलाई न्याय दिलाउन एवं. पुनरुथापनाको लागि नगर प्रमुख समक्ष सहायताको सिफारिस गर्न सक्नेछ ।

(२) नियम ४(१) को सिफारिसको आधारमा त्यस्ता व्यक्तिलाई नगर प्रमुखले अधिकतम रु. १००००.०० (दश हजार) रुपैँया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायताः-

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको , शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित , दूर्घटनामा परेको , बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको , सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी आश्रय तथा पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं सिफारिस बमोजिम नगरपालिकाले संरक्षण गर्ने सस्थाहरुलाइ आर्थिक सहायता दिइ निजहरुलाइ आश्रय र पालनपोषणको लागि न्युनतम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) नियम ५(१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको लागी संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ।

६. आर्थिक रुपले विपन्न सुत्केरी आमाहरुलाई सहायताः-

(१) आर्थिक रुपले विपन्न यस स्थानीय तहमा स्थायी बसोबास गर्ने तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका सुत्केरी आमाको पालनपोषणको लागि दोहोरो नपर्ने गरी बढिमा दुई पटक सुत्केरी हुँदा सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा नगरपालिकाले रु २५०० सम्मको पोषण लगायतका सुरक्षा समाग्री उपलब्ध गराउन सक्नेछ । तर दुई पटकभन्दा बढि सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

उक्त सम्बन्धमा स्वास्थ्य संस्थाको जन्म प्रमाणित कागजात समेत सम्बन्धितको तर्फबाट पेश गर्नु पर्दछ ।

(२) नियम ६(१) बमोजिम सहायता पाउन सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन्।

तोकिएका कागजात भन्नालेः वडाको सिफारिस, अस्पतालको बर्थ सर्टिफीकेट, जन्मदर्ता प्रमाणपत्र

७. ज्येष्ठ नागरीकलाई सम्मान तथा सहायताः- दोहोरो नपर्ने गरी विपन्न जेष्ठ नागरीकहरुलाइ सम्मान तथा सहायता गर्ने उदेश्यका लागि वडा समितिले निर्णय गरी वडाको स्वीकृत कार्यक्रम अनुसार संचालन गर्ने र अन्यको हकमा नगरपालिकाले सुरक्षा सहायता समाग्री ( दैनिक जिवनमा सहजिकरण पर्ने उपकरण तथा समाग्रीहरु) सहायता गर्न सकिने ।

स्पष्टिकरणः विपन्न जेष्ठ नागरीकहरुको लागि मात्र यो सुविधा उपलब्ध गराइनेछ ।

८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायताः-

(१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको सहायताको लागि सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसमा नगरपालिकाले आधारभुत सहायता सामाग्री उपलब्ध गराउने ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात , नगरपालिकाबाट वा महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहितको आवश्यक कागजातहरु संलग्न गरी नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

९. विपत व्यवस्थापन सहायताः-

(१) जंगली वन्यजन्तु तथा जिव जनावारको आक्रमणबाट भएको क्षतिको लागि स्थानीय नेपाल प्रहरीको सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा नगरपालिकाले सहायता दिन सक्नेछ ।

- घर(चौपाय, अन्नपात भण्डारण) पुर्ण रुफमा भत्काएमा (घरमा बस्न योग्य नभएमा) स्थलगत अनुगमन गरी रू. १००००।०० (अक्षेरपी रु दश हजार) सम्म आर्थिक सहायता दिने मानिसलाइ आक्रमण गरी मृत्य भएमा रु २५०००।०० (अक्षेरपी रु पच्चिस हजार) आर्थिक सहायता दिने

- मानिसलाइ आक्रमण गरी घाइते बनाइ स्वास्थ्य उपचार गर्नुपर्ने भएमा विल भर्पाइको आधारमा सामान्य उपचार खर्च वापत अधिकतम रु १००००।०० (अक्षेरपी रु दश हजार) सम्म आर्थिक सहायता दिने ।

(२) आगलागीको कारणले घर/खाद्धान्न नष्ट भएमा, पशु चौपायको मृत्यु भएमा र जन घाइते भएमा समितिले स्थलगत अनुगमन गरी

- आगलागिको कारणले कारणले जनको मृत्यु भएमा प्रतिव्यक्ती रु २५०००।००(अक्षेरपी रु पच्चिस हजार आर्थिक सहायता दिने ।
- पशु चौपायको मृत्यु भएमा अधिकतम रु ५०००।०० ( अक्षेरपी रु पाँच हजार) सम्म आर्थिक सहायता दिने ।
- मानिस घाइते भइ स्वास्थ्य उपचार गर्नु पर्ने भएमा विल भर्पाइको आधारमा सामान्य उपचार खर्च वापत अधिकतम रु १००००।०० (अक्षेरपी रु दश हजार) सम्म आर्थिक सहायता दिने ।
- सम्पुर्ण घर, खाद्यान्न, जलि नष्ट भएमा र पशु चौपायको समेत मृत्यु भएमा स्थानीय प्रहरीको सर्ममिन मुचुल्का, वडाको सिफारिसमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराउने ।

(३) बाढीको कारणले घर/खाद्धान्न नष्ट भएमा, पशु चौपायको मृत्यु भएमा र जन घाइते भएमा समितिले स्थलगत अनुगमन गरी

- जनको मृत्यु भएमा प्रतिव्यक्ती रु २५०००।०० (अक्षेरपी रु पच्चिस हजार) आर्थिक सहायता दिने ।
- पशु चौपायको मृत्यु भएमा अधिकतम रु ५०००।०० ( अक्षेरपी रु पाँच हजार) सम्म आर्थिक सहायता दिने ।
- मानिस घाइते भइ स्वास्थ्य उपचार गर्नु पर्ने भएमा विल भर्पाइको आधारमा सामान्य उपचार खर्च वापत अधिकतम रु १००००।०० (अक्षेरपी रु दश हजार) सम्म आर्थिक सहायता दिने
- अन्यको हकमा मा समितिको स्थलगत अनुगमन गरी समितिको सिफारिसमा नगरपालिकाले आर्थिक सहायता दिने ।

(४) वर्षातको समयमा आउने चट्टयाङ्गको कारणले घर/खाद्धान्न नष्ट भएमा, पशु चौपायको मृत्यु भएमा र जन घाइते भएमा समितिले स्थलगत अनुगमन गरी

- जनको मृत्यु भएमा प्रतिव्यक्ती रु २५०००।०० (अक्षेरपी रु पच्चिस हजार)
- पशु चौपायको मृत्यु भएमा अधिकतम रु ५०००।०० ( अक्षेरपी रु पाँच हजार) सम्म आर्थिक सहायता दिने ।

- ➢ मानिस घाइते भइ स्वास्थ्य उपचार गर्नु पर्ने भएमा विल भर्पाइको आधारमा सामान्य उपचार खर्च वापत अधिकतम रु १००००।०० (अक्षेरपी रु दश हजार) सम्म आर्थिक सहायता दिने

(५) आर्थिक सहायता प्राप्त गर्न आवश्यक कागजातहरु संलग्न गरी नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ३ विविध

१०. मृत्यु संस्कार सहायताः-

(१) अति विपन्न परिवार भनि प्रमाणित भएको व्यक्ति, गरीबीको रेखामुनी रहेका दीर्घ रोगी , हिंसा पीडित तथा बेचविखनमा परेका महिला , बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग , बेवास्तामा परको विपन्न ज्येष्ठ नागरीकको परिवारले मृत्यु संस्कारको लागि आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित वडा कार्यालयको सिफारिसमा शिवसताक्षी नगरपलिका मा निवेदन दिन सक्नेछन र स्थलगत निरिक्षण गरी समितिको निर्णयानुसार रु ५०००।०० (अक्षेरपी रु पाँच हजार) मृत्यु संस्कार अर्थिक सहायता उपलब्ध गराउने ।

(२) बेवारिसे लास फेला परेमा निजको पोष्टमार्टम, सदगत लगायतका व्यवस्थापन गर्न प्रहरी सर्जमिन मुचुल्का कागजात सहित वडाको सिफारिसका आधारमा समितिको निर्णयानुसार एकमुष्ट रुपमा रकम रु १००००।०० हजार सम्म व्यवस्थापन खर्च गर्न सकिने ।

(३) वडाले वडा विकास योजना मार्फत संचालन गर्ने मृत्यु संस्कार आर्थिक सहायताको लागि वडामा स्थायी बसोबासीलाइ वडा समितिको निर्णयबमोजिम विपन्न परिवारलाइ बढीमा रु ५०००।००(रु पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

११. कोषको व्यवस्था-

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं राहत , उद्धार तथा पुर्नस्थापना सम्बन्धी कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि नगरसभाबाट पारित गरेको बजेट तथा विपत व्यवस्थापन कोष मा राखि संचालन गरीनेछ । साथै वडाको स्वीकृत कार्यक्रममा यस प्रकृतिका कार्यक्रम भए सोही शिर्षक अन्तरगत खर्च गरीनेछ ।

(२) उक्त कोषमा देहायको रकम जम्मा गरीनेछः-

( क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट उक्त कोषको लागि प्राप्त अनुदान,

( ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य आर्थिक सहायता वा सो संग सम्बन्धित कार्यको लागि प्राप्त सहयोग वा अनुदान,

( ग) आर्थिक सहायता, पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) यस कोषमा नगरसभाबाट पारित बजेट बाट व्यवस्था गरी कोषमा विनियोजित बजेट यसै कार्यविधि बमोजिम गरीने छ ।

(४) यस कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम उपयोगमा ल्याईनेछ ।

(५) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१२. आर्थिक सहायता समिति सम्बन्धी व्यवस्थाः

(क) यस कोषको रकम सदुपयोग एवं सुसंचालन गर्नको लागि देहाय बमोजिमको आर्थिक सहायता समिति रहनेछ ।

नगर प्रमुख - संयोजक

सदस्यः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः नगर प्रमुखले मनोनयन गरेको एक जना कार्यपालिकाको महिला सदस्य

सदस्यः विपत व्यवस्थापन हेर्ने अधिकृत स्तर कर्मचारी सदस्य सचिव

(ख) माथि १२(क) बमोजिम गठित समितिले उपलब्ध रकमको अवस्था, विपन्न सहायता गर्न सकिने सीमा, सर्वसाधारणमा परेको असर , आगामी दिनको भूमिका लगाएत आर्थिक सहायतासँ ग सम्बन्धित विषयमा आन्तरिक विधि प्रकृया निर्धारण , विश्लेषण, गरी पृष्ठपोषण सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) माथि १ २(क) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता नियमानुसार हुनेछ । यस समितिको बैठक कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुने ।

१३. विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनीय अवस्थाका व्यक्तिको पहिचानः

(क) नगरपालिकाले आफ्नो क्षेत्रभित्र विपन्न , असहाय, अशक्त, असक्षम एवं दयनीय अवस्थाका व्यक्तिको पहिचान गर्न तथ्याङ्क संकलन गर्न सक्नेछ र त्यस्ता व्यक्तिको लागि छुट्टै परिचयपत्र वा नेपाल सरकारले जारी गरेको प्रमाणपत्रलाई आधार लिन सक्नेछ ।

(ख) माथि १ ३(क) बमोजिमको अवस्था नभएसम्म सम्बन्धित वडा अध्यक्ष वा सिफारिशकर्ताले विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाको व्यक्ति भनी पहिचान सहितको सिफारिसलाई आधार मान्न सक्नेछ ।

(ग) आर्थिक सहायता सम्बन्धी अभिलेख समितिमा राखिनेछ र सो को सम्बन्धमा विपन्नहरुको आर्थिक सहायता प्राप्त गर्ने लाभ्राहिहरुको तीन पुस्ते विवरण सहित सार्वजनिकीकरण गरीने छ ।

(घ) सामान्यतः एकै आर्थिक वर्ष भित्र एकपटक एकै विषयमा आर्थिक सहायता दिइएको व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गरीने छैन । साथै , कुनै पनि व्यक्ति वा संस्थालाई पेश्की का रुपमा नगद वा चेक उपलब्ध गराईने छैन।

(ङ) विपन्नलाइ आर्थिक सहायता उपलब्ध गराउँदा आवश्यकता, मानवियता, मितव्ययिता, औचित्य आदिलाई समेत मध्यनजर राखी मन, वचन र कर्मले कर्तव्यनिष्ठ भै कार्य सम्पादन गर्नु पर्नेछ।

(च) यस नगरपालिका भित्रका विपन्न व्यक्तिलाई न्यूनतम गाँस , वास र कपासको लागि आधा रभूत सामाग्री उपलब्ध गराउने, न्यूनतम औषधि उपचारको व्यवस्था मिलाउने, स्वास्थ्य विमा वापतको प्रिमियम भूक्तानी दिने, औषधि उपचारका लागि परिवहनको व्यवस्था मिलाउने, उद्धारात्मक कृयाकलाप संचालन गराउने प्रकृतिका मानवीय कार्य गर्नका लागि पनि यो कार्यविधि उपयोग गरीनेछ ।

१४. बाधा अडकाउ फुकाउ आदेशः

(क) यस कार्यविधि कार्यान्वयन गन, केही बाधा अडकाउ फुकाउन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नेछ ।

१५. कार्यविधिमा थपघट, परिमार्जन, शंसोधन एवं खारेजीः

(क) यस कार्यविधिमा कुनै विषय थपघट , परिमार्जन, संशोधन एवं खारेजी गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित हुनेछ ।

(ख) अन्य कुनै कानूनसंग यस कार्यविधि बाझिएमा बाझिएको हदसम्म कार्यान्वयनमा ल्याईने छैन ।

(ग) यस कार्यविधिलाइ कार्यपालिकाले समसामयिक संसोधन वा खारेजीको लागि आवश्यकता अनुसार समिक्षा गर्नेछ ।

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**